*Academic Journal of Sukuna – AJoS: A Peer-reviewed Journal*
*(Special Issue on Nepali Language and Literature)*
*Vol. 4, Issue 1: 2024 May (2081 Jetha), PP 51- 68*
*ISSN: 2594-3138 (Print)*
*Research Management Cell (RMC-Sukuna), Sundarharaincha, Morang*

# मधेसतिर कथामा सम्बद्धक तथा सम्बद्धन

दीपक गौतम

*उपप्राध्यापक, नेपाली विभाग, सुकुना बहुमुखी क्याम्पस, सुन्दरहरैँचा, मोरङ।*

dipakgautam27311@gmail.com

## लेखसार

प्रस्तुत लेख 'मधेसतिर' कथाको सङ्कथन विश्लेषणका क्षेत्रमा केन्द्रित छ। यसमा सङ्कथन विश्लेषणका युक्तिअन्तर्गत सम्बद्धक (Cohesion) र सम्बद्धन (Coherence) मा आधारित भई कथाकार विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'मधेसतिर' कथाको विश्लेषण गरिएको छ। गुणात्मक अनुसन्धान ढाँचामा केन्द्रित रही व्याख्यावादी दर्शन र सङ्कथन विश्लेषणका सिद्धान्तको उपयोग गरी यस अध्ययनमा उक्त कथाको समीक्षा गरिएको छ। यसमा 'मधेसतिर' कथालाई प्राथमिक स्रोत र सन्दर्भपुस्तकलाई द्वितीयक स्रोतका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ र तिनको लम्बीय र क्षितिजीय आधारमा अध्ययन विश्लेषणका साथ अनुसन्धान कार्यलाई पूरा गरिएको छ। यसमा 'मधेसतिर' कथामा प्रयुक्त सम्बद्धकअन्तर्गत व्याकरणिक र कोशीय सम्बद्धक तथा सम्बद्धनअन्तर्गत सामान्य-विशिष्ट र विशिष्ट-सामान्य, कार्य-कारण र कारण-कार्य, प्रभाव-परिणाम र परिणाम-प्रभाव, घटना-परिवेश र परिवेश-घटना, आर्थी विपर्याय, तुलनात्मक, उद्देश्य वा प्रयोजन, परिचयात्मक, अनुक्रमबोधक, प्रश्नात्मक, इन्द्रिय मस्तिष्क सम्बन्धको खोजी गरी विश्लेषण गरिएको छ। यो अनुसन्धानात्मक लेख सङ्कथन विश्लेषणसँग सम्बन्धित अध्येताहरूका लागि उपयोगी रहेको छ।

*शब्दकुञ्जी :* अन्तःसूत्र, अन्वयक, जोर्नी, सङ्कथन, सम्प्रेष्य, संसक्त

## विषयपरिचय

यो लेख विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) को 'मधेसतिर' कथामा प्रयुक्त सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनको खोजीका अध्ययनमा आधारित छ। कोइराला नेपाली साहित्यका कथा, उपन्यास, कविता, निबन्ध, आत्मजीवनीलगायतका विधामा कलम चलाउने बहुमुखी प्रतिभा हुन्। मुख्य

गरी चन्द्रवदन (वि.सं.१९९२) बाट नेपाली कथा साहित्यमा उदाएका कोइरालाका *दोषी चस्मा* (वि.सं.२००६), *श्वेतभैरवी* (२०३९), *विश्वेश्वरप्रसाद कोइरालाका कथा* (२०५२) तीन वटा कथासङ्ग्रहहरू प्रकाशित छन् । यसै सन्दर्भमा प्रस्तुत लेखमा कोइरालाका यिनै कथासङ्ग्रहहरूमध्ये *दोषी चस्मा*मा सङ्ग्रहित 'मधेसतिर' कथामा प्रयुक्त सङ्कथन विश्लेषणका युक्तिहरू सम्बद्धक र सम्बद्धनको विश्लेषण गरिएको छ ।

'कथ्' धातुमा 'अन' प्रत्यय लागेर बनेको कथन शब्दमा 'सम्' उपसर्ग लागेर सङ्कथन शब्दको व्युत्पादन हुन्छ । यसको अर्थ समग्र कथन वा सिङ्गो भनाइ भन्ने हुन्छ । यसलाई वाक्यभन्दा माथिल्लो एवम् स्वयम्मा पूर्ण अभिव्यक्ति वा अभिव्यक्तिको सिङ्गो कथनका रूपमा लिइन्छ । यसमा भाषाका सबै एकाइको समन्वय हुन्छ । अङ्ग्रेजीको डिस्कोर्सको पर्यायका रूपमा सङ्कथनलाई लिइन्छ । डिस्कोर्स वक्ता र श्रोताबिच हुने परस्पर सम्पर्क हो । संरचनाका दृष्टिले भाषाको ठुलो एकाइलाई सङ्कथन भनिए पनि अर्थ र अभिव्यक्तिका दृष्टिले लेखको सानो टुक्रादेखि उपन्यास, महाकाव्यसम्मका संरचनालाई सङ्कथनभित्र समेटिन्छ । कथ्य र लेख्य गरी सङ्कथनका दुई प्रकार देखिन्छन् । सङ्कथनले वक्ता, श्रोता र परिवेशलाई विशेष महत्त्व दिन्छ । वस्तुतः श्रोता वा पाठकको मानसिक प्रक्रियाद्वारा सङ्कथनको व्याख्या हुन्छ र त्यो तिनको ज्ञान तथा अनुभवको पृष्ठभूमिका आधारमा बोध्य हुन्छ (भुसाल, २०७८, पृ. ४४) । यो भाषाको अन्तरक्रियात्मक अभिव्यक्ति हो, जसले व्याकरणिक शुद्धतामा भन्दा प्रयोजनमूलक अर्थसन्दर्भसँग सम्बन्ध राख्छ ।

सङ्कथन विश्लेषण प्रायोगिक भाषाविज्ञानको नवीन क्षेत्र वा विषय हो । सङ्कथन विश्लेषणको आरम्भ सन् १९५० को दशकपछि भएको हो । सङ्कथन विश्लेषणको आरम्भ र विकास संरचनावादी तथा रूपान्तरणवादी व्याकरणको पृष्ठभूमिबाट भएको हो । भाषाविज्ञानमा वाक्यभन्दा माथिल्लो एकाइको अध्ययनप्रति अभिरुचि बढ्न थालेपछि सङ्कथन विश्लेषणको पृष्ठभूमि निर्माण भएको देखिन्छ । सर्वप्रथम Discourse Analysis भन्ने शब्द भाषावैज्ञानिक जेलिङ ह्यारिसले सन् १९५२ मा एउटा लेखमा विस्तारित पाठहरूमा भाषातत्त्वहरूको वितरणबारे चर्चा गर्दा प्रयोग गरेका थिए (अधिकारी,२०६२, पृ. २५२) । यसमा उनले हेयर टनिकको विज्ञापनको भाषालाई उदाहरणका रूपमा विश्लेषण गरेर सङ्कथनमा पनि वाक्य व्याकरण विस्तारित भएको देखाएका थिए । उत्तरवर्ती साहित्य सिद्धान्तका नवीन धारणा र प्रायोगिक भाषाविज्ञानको नवीनतम शाखाका रूपमा सङ्कथन विश्लेषणलाई लिइन्छ । सङ्कथन विश्लेषणलाई सुरुमा संवाद विश्लेषण मात्र भनिए पनि अहिले आएर सङ्कथन विश्लेषण भनिन्छ । सङ्कथन विश्लेषणलाई पाठ विश्लेषणका रूपमा पनि लिइन्छ तर सङ्कथन र पाठ एउटै होइनन् । पाठ भनेको वास्तविकता हो भने त्यसलाई वास्तविकीकरण गर्ने प्रक्रिया

सङ्कथन हो भन्ने धारणा विडोसनको छ (पौडेल, २०६९, पृ. १९)। पाठ विश्लेषण गर्दा त्यसको उत्पादन र व्याख्यामा जोड दिइन्छ भने सङ्कथन विश्लेषण गर्दा अर्थ र आशय निर्धारण गर्ने प्रक्रियालाई महत्त्व दिइन्छ। सङ्कथन विश्लेषण भाषावैज्ञानिक, समाज भाषावैज्ञानिक तथा मनोभाषावैज्ञनिकहरूले भिन्नभिन्न आधारमा गर्न सकिने बताएका छन् तापनि सङ्कथन विश्लेषण गर्दा पाठको बाह्य (भाषिक संरचना) पक्ष र आन्तरिक (आन्तरिक संरचना र सन्दर्भ) पक्षमा विशेष जोड दिइन्छ। अतः सङ्कथन विश्लेषणमा भाषिक र सन्दर्भपरक पक्षलाई समेट्नुपर्छ । यसमा वक्ता, श्रोता, विषय, परिवेश आदिको सन्तुलन, क्रमबद्धता र संयोजनका आधारमा खोज तथा अध्ययन गरिन्छ।

सन् १९६० को दशकपछि तीव्र गतिमा विकास भएको सङ्कथन अध्ययनमा भाषिक उच्चार र त्यसले गर्ने सम्प्रेषणात्मक कार्यको खोजी गरिन्छ। यस क्रममा प्रतीकविज्ञान र आख्यानको अध्ययन गर्ने फ्रान्सेली पद्धति, भाषालाई सामाजिक सन्दर्भबाट हेर्ने डेल हाइम्स, भाषालाई सामाजिक कार्यका रूपमा व्याख्या गर्ने जोन अस्टिन, सर्ले, ग्राइसलगायतको वाक्क्रिया र सहयोग सिद्धान्त तथा प्रकरणार्थ विज्ञानसम्बन्धी अध्ययन सिद्धान्तहरूले सङ्कथन विश्लेषणलाई नयाँ गति र स्वरूप दिएको पाइन्छ (शर्मा र अर्याल, २०६९, पृ. १३)। सङ्कथन विश्लेषणको महत्त्वपूर्ण अध्ययन पद्धतिका रूपमा कथनलाई लिइन्छ। कथन क्रिया सङ्केतनिष्ठ, वक्तानिष्ठ र श्रोतानिष्ठ गरी मुख्य तीन छन् जसले भाषिक उच्चारका कार्यको अध्ययन गर्दछ। भाषाको सबैभन्दा ठुलो एकाइका रूपमा लिइने भनिए तापनि सानो वा ठुलो संरचनामा निर्मित पूर्ण वा सिङ्गो अभिव्यक्तिलाई सङ्कथन भनिन्छ। यो भाषातत्त्वकै उच्चतम एकाइ र अभिव्यक्तिको सिङ्गो रूप हो (शर्मा र अर्याल, २०६९, पृ. ११)। यसमा भाषाका समग्र तत्त्वहरूको एकीकृत स्वरूप अन्तर्निहित हुन्छ अर्थात् ध्वनि, वर्ण, अक्षर, रूप, शब्द, पदावली, उपवाक्य, वाक्य, अनुच्छेदहरू सुनिश्चित सङ्कथनमा उनिएका हुन्छन् (पौडेल,२०६९, पृ. १५)। प्रारम्भमा सङ्कथनभित्र कथ्य भाषाका कुराकानी, संवाद, कथाकथन, छलफल, विवाद, गाली, ठट्टा, अन्तर्वार्ता, अभिनय आदि कुरा मात्र समाविष्ट हुन्थे तर वर्तमानमा लिखित अभिव्यक्तिका कथा, कविता , रूपक, समालोचना आदि पनि सङ्कथनभित्रै पर्दछन् (खनाल, २०७८, पृ. २३)। कुनै लामो छोटो अभिव्यक्ति, साइबर च्याट, इन्टरनेट सम्पर्क, टेलिफोन कुराकानी, कक्षा शिक्षण, संवाद, भाषण, पाठ, कथा, कविता, निबन्ध आदि सङ्कथनका उदाहरण हुन्। सङ्कथन कथ्य, लेख्य, औपचारिक, अनौपचारिक, श्रव्य, पाठ्य, दृश्य विभिन्न स्वरूपमा अभिव्यक्त हुन्छन्। यसमा वक्ता, श्रोता र विषय अपेक्षित हुन्छ। सङ्कथन भाषाको यस्तो फैलावट हो जुन सन्दर्भबद्ध भएर मात्र प्रकटित हुन्छ। मुख्यतः अर्थपूर्ण, अन्वितिपूर्ण र सन्दर्भपूर्ण अभिव्यक्ति हुनु यसको

पहिचान हो (अधिकारी, २०६२, पृ. २५३)। सङ्कथन विश्लेषण पाठको भाषिक विश्लेषण मात्र नभई भाषामा आएको सामाजिक संरचना र सन्दर्भको पनि विश्लेषण हो, यसलाई पाठको बाह्य र आन्तरिक सम्बन्धको विश्लेषण पनि भनिन्छ । सङ्कथन विश्लेषणमा समतलीय र उर्ध्वतलीय पद्धतिको सहयोग लिइन्छ। सङ्कथन विश्लेषणमा मूलतः सम्बद्धक र सम्बद्धनलाई आधार बनाइन्छ।

यस आलेखमा सम्बद्धक र सम्बद्धनका आधारमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'मधेसतिर' कथाको अध्ययन गरिएको छ। यसमा 'मधेसतिर' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी, व्याख्या, विश्लेषण गर्ने कार्यलाई मूल समस्याका रूपमा लिइएको छ। यस अनुसन्धानले 'मधेसतिर' कथामा सम्बद्धक र सम्बद्धनको उपयोग केकसरी भएको छ र यसको उपयुक्तताको अवस्था केकस्तो रहेको छ भन्ने प्राज्ञिक जिज्ञासाको खोजी गरेको छ। यही जिज्ञासाको समाधान खोज्नु यस अध्ययनको उद्देश्य रहेको छ। प्रस्तुत कथा सम्बद्धक र सम्बद्धनका कोणबाट उपयुक्त नै छ भन्नु यस अध्ययनको दाबी हो। त्रिभुवन विश्वविद्यालयका विभिन्न तहमा सङ्कथन विश्लेषणका बारेमा सैद्धान्तिक अध्ययन-अध्यापन गरिन्छ तर व्यावहारिक तथा प्रयोग अभ्यासात्मक रूपमा पर्याप्त अध्ययनविश्लेषण गरिएको पाइँदैन। यसर्थ यस अध्ययनले सम्बन्धित अध्येताहरूलाई कुनै पनि कृतिको सङ्कथन विश्लेषण अध्ययनका लागि सहयोग पुग्ने भएकाले यस अध्ययनको महत्त्व तथा उपयोगिता रहेको छ।

## अध्ययन विधि र सामग्री

यो अनुसन्धानमूलक लेख विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित 'मधेसतिर' कथाको सङ्कथन विश्लेषणमा आधारित छ। यो अध्ययन विश्लेषण सङ्कथन विश्लेषणअन्तर्गत 'मधेसतिर' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको खोजी र विश्लेषणमा सीमित भई गरिएको छ। प्रस्तुत लेखमा गुणात्मक र व्याख्यात्मक विधि प्रयोग गरिएको छ। यस अध्ययनमा मधेसतिर कथालाई प्राथमिक स्रोत र सन्दर्भ पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिई तथ्याङ्क सङ्कलन गरिएको छ। यस क्रममा त्रिभुवन विश्वविद्यालय डीनको कार्यालयको लेखसम्बन्धी निर्देशिका तथा कार्यपत्रहरू, विभिन्न लेख-रचनालाई मुख्य आधार बनाई प्रस्तुत लेख तयार पारिएको छ।

## नतिजा तथा छलफल

'मधेसतिर' विश्वेश्वरप्रसाद कोइरालाको यौनमनोवैज्ञानिक कथा हो। यस कथामा एकातिर मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दृष्टिले पहाडे नेपाली जनताको आर्थिक विपन्नताको मार्मिक चित्र प्रस्तुत गरिएको छ भने

अर्कातिर फ्रायडीय यौनमनोवैज्ञानिक दृष्टिले नेपाली समाजमा विधवा महिलाहरूले परिवार र समाजबाट अपहेलित भएर बाँच्नुपर्ने र यौनअसन्तुष्टि र सन्तान अभावको पीडा खप्नुपर्ने परिस्थितिको विश्लेषण गरिएको छ। २८ अनुच्छेदमा संरचित एवम् विषयवस्तुको आयामका दृष्टिले हेर्दा यो लघु कथाका रूपमा देखिन्छ।

सङ्कथन विश्लेषणका लागि भाषाविद् गाइ कुक (Guy Cook) ले सामान्यबाट विशिष्ट जाने पद्धति (टप डाउन पद्धति) र विशिष्टबाट सामान्यतर्फ जाने पद्धति (बटम अप पद्धति ) तथा भाषाविद् सिङ्क्लेयरले पाठ, प्रबन्ध, विनियम, चाल र कार्यका रूपमा गर्न सकिने आधार प्रस्तुत गरेका छन् (शर्मा र अर्याल, २०६९, पृ.२१ )। गाइ कुकका मान्यताअनुसार टप डाउन पद्धति तथा बटम अप पद्धतिमा सामाजिक सम्बन्धलाई माथिल्लो तह र ध्वनि वा अक्षरलाई सबैभन्दा तल्लो तह मानिन्छ। यसैगरी सिङ्क्लेयरको मान्यताअनुसार सङ्कथन विश्लेषणमा सबैभन्दा सानो तह वा एकाइ कार्यलाई मानिन्छ, यसले सम्प्रेषणात्मक प्रकार्यको काम गर्छ र यसभन्दा ठुलो एकाइ पाठ हो। यसको विपरीत व्याकरण विश्लेषणमा रूप, पद, पदावली, वाक्यांश र वाक्यका तहमा विश्लेषण गरिन्छ (शर्मा र अर्याल, २०६९, पृ. २२)। त्यसैले सङ्कथन विश्लेषण र व्याकरण विश्लेषणमा भिन्नता पाइन्छ। यसै गरी डी. बग्राउन्डे र ड्रेसलरले पाठ विश्लेषणका युक्तिहरू सम्बद्धक, सम्बद्धन, उद्देश्ययुक्तता, ग्राह्यता, सूचनात्मकता, परिस्थितिमूलकता र पाठहरूबिचको सम्बन्ध गरी सात प्रकारका बताएका छन्। पाठ विश्लेषणका लागि यीमध्ये सर्वप्रचलित व्यावहारिक रूपमा सम्बद्धक र सम्बद्धनलाई मुख्य आधारका रूपमा लिइन्छ। ‘मधेसतिर’ कथालाई विभिन्न आधारमा विश्लेषण गर्न सकिन्छ। यहाँ यस कथालाई सङ्कथन विश्लेषणको सिद्धान्तका आधारमा अध्ययनविश्लेषण गरिएको छ। यसअन्तर्गत मूलतः सम्बद्धक र सम्बद्धनमा केन्द्रित भई मधेसतिर कथालाई सङ्कथन वा सिङ्गो पाठ मानेर अध्ययनविश्लेषण गरिएको छ।

**‘मधेसतिर’ कथामा सम्बद्धक**

भाषिक एकाइलाई एकआपसमा अन्तर्सम्बन्धित तुल्याउन उपयोग गरिने बाह्य संरचनागत वा रूपगत भाषिक उपकरणलाई सम्बद्धक भनिन्छ (खनाल, २०७८, पृ. ३२)। यसलाई संसक्ति पनि भनिन्छ। सङ्कथनमा वाक्यीय तथा अन्तर्वाक्यीय सम्बन्ध जनाउन आउने भाषिक युक्तिलाई संसक्ति भनिन्छ (भुसाल, २०७८, पृ. ११७)। यसले सङ्कथनलाई शृङ्खलाबद्ध बनाउने काम गर्छ। यसले अभिव्यक्तिलाई जोड्ने बुनोटको काम गर्छ। मूलतः सङ्कथनमा सम्बद्ध जनाउन आउने पद नै सम्बद्धक हुन् (शर्मा र अर्याल, २०६९, पृ. १७)। सम्बद्धकलाई भाषिक एकाइहरूका बिचको अन्वयक वा जोडक पनि भनिन्छ। तसर्थ सङ्कथनका सन्दर्भमा सम्बद्धकलाई वाक्यभन्दा माथिल्लो तहमा अन्तरवाक्यीय सम्बद्धताका लागि प्रयुक्त हुने भाषिक जोर्नीका रूपमा लिइन्छ

(अधिकारी, २०६९, पृ. २५४)। सङ्कथन विश्लेषणमा सम्बद्धकहरूले पाठभित्रका भाषिक एकाइहरूलाई निश्चित सम्बन्धसूत्रमा आबद्ध गर्न सहयोग पुऱ्याउँछन्। सङ्कथनमा अभिव्यक्त विषयवस्तु वा विचारको शृङ्खलालाई यिनले कतै विस्तार गर्न, कतै स्पष्टीकरण दिन, कतै थपोट गर्न, विकल्प दर्साउन, विरोध वा विपरीत देखाउन, तुलना गर्न, कार्यकारण वा कारणकार्य एवम् परिणाम दर्साउन, व्याख्या गर्न आदि विभिन्न सम्बन्ध जनाउन मद्दत गर्दछन्। यस्ता सम्बद्धक व्याकरणिक (सार्वनामिक, स्थानिक, कालिक, संयोजन, प्रतिस्थापन र लोप) र कोशीय (पर्यायवाची, विपरीतार्थी, समावेशी-समावेशक, पुनरावृत्ति, सन्निधान वा सहप्रयोग, शृङ्खलाबोधक) गरी दुई प्रकारका छन्। 'मधेसतिर' कथामा प्रयुक्त सम्बद्धकलाई निम्नअनुसार देखाउन सकिन्छ :

***व्याकरणिक सम्बद्धक***

सङ्कथनको संरचनामा आउने भाषिक वाक्यहरूलाई व्याकरणिक आधारमा जोड्ने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ। मूलतः भाषिक एकाइहरूका बिचको अन्वयक भएर आउने युक्ति नै व्याकरणिक सम्बद्धक हो। यसले सङ्कथनमा व्यक्त विषयलाई परस्पर सम्बन्धित तुल्याउने सिक्रीको भूमिका निर्वाह गर्दछ (भुसाल, २०७८, पृ १२०)। यसअन्तर्गत पर्ने सार्वनामिक, स्थानिक, कालिक, संयोजन, प्रतिस्थापन र लोप सम्बद्धकका आधारमा यस आलेखमा 'मधेसतिर' कथाको अध्ययन विश्लेषण निम्नअनुसार गरिन्छ :

**सार्वनामिक सम्बद्धक *:*** कुनै पनि पद, पदावली र वाक्यकै सट्टा आएर सम्प्रेषण प्रक्रियामा सहयोग पुऱ्याउने पद सार्वनामिक सम्बद्धक हुन् (शर्मा र अर्याल, २०६९, पृ. १७)। 'मधेसतिर' कथामा प्रयुक्त केही सार्वनामिक सम्बद्धक निम्नअनुसार छन् :

> सूर्यको प्रथम किरण पर्नासाथ पृथ्वीका पाप्रा उप्केजस्तै गरेर नदीका किनारमा घुम्लुङ्ग परेर सुतेका चारपाँच जना उठे। उठ्नासाथ सबैको मनमा प्रश्न उठ्यो - पेट कसरी भर्ने ? एउटाले अर्काको मनोभाव बुझेको जस्तो गरेर सबै मुखामुख गर्न थाले (अनु.१)। विधवाको दृष्टि गोरेमाथि थियो। विधवाले सबैलाई सम्बोधन गरेर भनिन्-होइन, तिमीहरू घरबाट हिँड्दा पेट भर्ने के उपाय गरेर हिँडेका थियौ ? के खाउँला भनी ठानेका थियौ ? सबै जना विधवाको कुराले विस्मित भए। भोटेले भन्यो - मेरो त घरै छैन। बुढाले भन्यो - मेरो त थियो तर अब म घरद्वार नभएको छु (अनु.२)। उनले सोधिन् - तिमीहरू कहाँ हिँडेका नि ? तिमीहरूले त राति पनि केही खाएको देखिनँ, त्यसै त्यसै सुत्यौ। मेरो पनि कोही साथी नभएकाले तिमीहरूनेर आएर सुतेँ। रातभरि तिमीहरूको माया लागिरह्यो (अनु.५)।

माथिको अनु. १ ,२ र ५ मा सबै, अर्का, तिमीहरू, के, मेरो, म, उनले, केही, कोही जस्ता सर्वनाम पद, पदावली, वाक्यकै सट्टा आई एकअर्काबिच जोर्नीको काम गरेर वैचारिक विस्तारको शृङ्खलालाई एकआपसमा सम्बद्ध गराउने काम गरेको देखिन्छ ।

**स्थानिक सम्बद्धक :** कुनै स्थान वा ठाउँलाई जनाउन उपयोग हुने सम्बद्धकलाई स्थानिक सम्बद्धक भनिन्छ (खनाल, २०७८, पृ. ३२) । 'मधेसतिर' कथामा प्रयुक्त केही स्थानिक सम्बद्धक निम्नअनुसार छन् :

> सुनकोसी र तामाकोसीको सङ्गममा बिहान भयो । सुनकोसी उत्तरबाट प्रशस्त वेगसँग बगेर आउँथ्यो, पूर्वतिरबाट तामाकोसीमा मिसिन्थ्यो (अनु.१) । विधवा टोलाएर उभिइन् र बुढाको पछिपछि लागेर हिँड्न थालिन् । त्यो टाढाको टाकुरामा पुगेर बुढोले बढो उत्साहसँग दक्षिणतिरको आँखाले भ्याउन्जेलसम्मको ठुलो विस्तीर्ण मैदानलाई देखाएर आफ्ना साथीहरूलाई भन्न थाल्यो - ऊः त्यही हो मधेस । त्यहीँ हाम्रो उद्धार हुन्छ । त्यहीँ हामी अघाउन्जेल खान पाउँछौँ (अनु.२६) ।

माथिको अनु. १ र २६ मा सङ्गममा, उत्तरबाट, पूर्वतिरबाट, सुनकोसीमा, पछिपछि, टाकुरामा, दक्षिणतिर, मैदानलाई, त्यही, मधेस, त्यहीँ जस्ता शब्दले ठाउँविशेषमा भएका कार्यव्यापारलाई प्रस्तुत गरेको हुनाले स्थानिक सम्बद्धकको काम गरेका छन् ।

**कालिक सम्बद्धक :** कुनै समय वा परिवेश वा अवस्थालाई जनाउन प्रयोग हुने सम्बद्धकहरू कालिक सम्बद्धक हुन् (खनाल, २०६८, पृ. ३३) । 'मधेसतिर' कथामा प्रयुक्त केही कालिक सम्बद्धक निम्नअनुसार छन् :

> सुनकोसी र तामाकोसीको सङ्गममा बिहान भयो (अनु.१) । सूर्यका किरण पर्नासाथ सुतेका चारपाँच जना उठे । उठ्नासाथ सबैका मनमा प्रश्न उठ्यो अब के खाने ? (अनु.२) तिमीहरूले त राति पनि केही खाएको देखिनँ । रातभरि तिमीहरूको माया लागिरह्यो (अनु.६) । मेरो लाग्ने मरेदेखि मलाई कसैले छुन पाएन । मेरो धेरै दिनदेखि आफ्नो घर बनाएर बस्ने इच्छा छ । पोइ चाँडै मरिदिए (अनु.१५) । अहिले खानलाई केही छैन । साँझसम्म त पुग्नुपर्छ (अनु.१६) ।

माथिका अनु.१,२,६,१५,१६ मा प्रयुक्त बिहान, पर्नासाथ, उठ्नासाथ, अब, राति, रातभरि, मरेदेखि, दिनदेखि, चाँडै, अहिले, साँझसम्म जस्ता शब्दले वाक्य र वाक्य–वाक्यबिच अन्विति गरेर समयगत परिवेश जनाई कालिक सम्बद्धकको भूमिका निर्वाह गरेका छन् ।

**संयोजन सम्बद्धक :** वाक्यान्तरिक एकाइ जस्तै, शब्द वा पदावली वा उपवाक्यलाई जोड्ने तथा अन्तरवाक्यीय संयोजन गर्ने सबै किसिमका संयोजकलाई संयोजन सम्बद्धक भनिन्छ ( खनाल,२०७८, पृ. ३३ )। 'मधेसतिर' कथामा प्रयुक्त केही संयोजन सम्बद्धक निम्नअनुसार खेखिन्छन् :

सुनकोसी र तामाकोसीको सङ्गममा बिहान भयो। सुनकोसीलाई तर्न सक्ने कोही मात्र होलान् तर तामाकोसीलाई दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो (अनु.१)। घरद्वार नभएका यी चार जना माग्ने भनूँ वा कुल्ली नत्र माग्नेका माझमा घरद्वार भएकी विधवा कागको बथानमा हँसिनी थिइन्। तिनले अन्नपूर्णझैँ झट्ट आफ्नो पोकोबाट चिउरा झिकिन् र भाग लगाउन थालिन् अनि सबैको चिउरामाथि थपथप चाकुका डल्ला हालिन् (अनु.३)।

माथिको अनु. १ र ३ मा र, तर, पनि, वा, नत्र, अनि जस्ता निरपेक्ष संयोजकले कहीँ पद, पदावली, उपवाक्य जोड्ने र कहीँ अन्तरवाक्यीय संयोजन गर्ने कार्य गरेर अभिव्यक्तिलाई सम्प्रेषित बनाएका छन्।

**प्रतिस्थापन सम्बद्धक :** एउटा शब्दको सट्टामा अर्को तर उही अर्थ र भाव ग्रहण गर्ने एकाइ नै प्रतिस्थापन सम्बद्धक हो। यस्तो सम्बद्धकले प्रस्तुतिमा विविधता थप्छ भने अर्थलाई प्रभावकारी तुल्याउँछ ( खनाल, २०७८, पृ. ३३ )। 'मधेसतिर' कथामा प्रयुक्त केही प्रतिस्थापन सम्बद्धक निम्नअनुसार देखिन्छन् :

सुनकोसी उत्तरबाट प्रशस्त वेगसँग आउँथ्यो, पूर्वतिरबाट तामाकोसीमा मिसिन्थ्यो। यिनको सम्मानार्थ रुखपातहरू टाढै उभिएका जस्ता थिए (अनु.१)। भोटेले भन्यो - तपाईँलाई हाम्रो किन माया लाग्यो ? हामी तपाईँका पोइ होइनौँ, छोरा होइनौँ, बाबु होइनौँ। विधवाले भनी – तिमीहरू मान्छे त हौ (अनु.६)। उहाँ खेती गर्न सजिलो छ रे। जग्गा पनि त्यसै पाइन्छ रे (अनु.९)। विधवा गोरेका निम्ति पर्खिन्। उनी थामिएपछि सबै थामिए (अनु.१०)। आफ्नो सानैदेखिको सपना – आफ्नो सानो घर, छोराछोरी सफल बनाउने इच्छा गरेकी थिइन्। सब तासको घरझैँ भताभुङ्ग भयो (अनु.२८)।

माथिको अनु.१ म तामाकोसी र सुनकोसीको प्रतिस्थापन यिनको, अनु.६ मा पोइ, छोरा, बाबुको प्रतिस्थापन मान्छे, अनु.९ मा खेतीको प्रतिस्थापन जग्गा, अनु.१० मा पर्खिन्को प्रतिस्थापन थामिए र अनु.२८ मा सपनाको प्रतिस्थापन आफ्नो सानो घर, छोराछोरी सफल बनाउने इच्छा र सब तासको घरझैँ ले गरेर सङ्कथनलाई अन्वित र संसक्त गराइएको छ।

**लोप सम्बद्धक :** कुनै पनि प्रस्तुतिमा प्रयोग भएको खास घटक लोप भएर पनि अझ प्रभावकारी अर्थ दिने गरी सङ्कथन तयार हुनु नै लोप सम्बद्धक हो ( खनाल, २०७८, पृ. ३३ )। सङ्कथनमा अघिल्लोमा व्यक्त

पद , पदावली पछिल्लो सन्दर्भमा नआएर वा लोप भएर पनि वा सङ्केत मात्र गरेर पनि अर्थ खुलेर जोर्नीको काम गरेको हुन्छ । 'मधेसतिर' कथामा प्रयुक्त केही लोप सम्बद्धकलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

सबैलाई सम्बोधन गरेर भनिन्- मधेसतिर हिँडेको । पोइ छैनन् । ससुरा फुटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ (अनु.३) । तपाईँलाई हाम्रो किन माया लाग्यो ? हामी तपाईँका पोइ होइनौँ । छोरा होइनौँ । बाबु होइनौँ (अनु.६) । विधवाले फेरि एक्कासि प्रश्न गरिन् - तिमीलाई स्वास्नी मानिस मन पर्दैन ? गोरेले टाउको उठाएर विधवातिर तीव्र दृष्टिले हेऱ्यो । किन मन पर्दैनन् (अनु.१४) ?

उनले चिच्याएर भनिन् - चुप लाग बुढा । त्यस गहनाले मैले के के गरुँला भन्ने विचार गरेको थिएँ । खेत किनुँला । बिहा गरुँला । घर जमाउँला । छोरा पाउँला (अनु.२४) ।

माथिको अनु.३ मा क्रमशः म, मेरो, मलाई, मेरो, आफ्नो, अनु.६ मा तपाईँका, अनु.१४ मा क्रमशः र, भन्यो, मलाई, स्वास्नी मानिस र अनु.२४ मा क्रमशः म, म, म, म पद–पदावली लोप भएका छन् तर तिनीहरूले एकअर्कामा अन्वयक बनेर अर्थसन्दर्भ सम्प्रेषित गरेका छन् ।

***कोशीय सम्बद्धक***

शब्दहरूका बिचमा कुनै प्रकारले अर्थगत अन्तर्सम्बन्ध भयो भने त्यसलाई कोशीय सम्बद्धकको अवस्था मानिन्छ । आपसी सम्बद्धताका लागि शाब्दिक स्तरले पनि उपयुक्त भूमिका खेलेको हुन्छ । शब्दका विभिन्न सम्बन्धहरूले सम्बद्धकको कार्य गरेका हुन्छन् । यस्ता कोशीय सम्बद्धकले वाक्यमा प्रस्तुत विचारलाई शृङ्खलित बनाउने काम गरेका हुन्छन् (भण्डारी र नेपाल, २०६७, पृ. १९) । कोशीय एकाइको मेलबाट सङ्कथनमा सन्दर्भगत सम्बन्ध स्थापित भएको हुन्छ । मूलतः पर्यायवाची, विपरीतार्थी, समावेशी र समावेशक, पुनरावृत्ति, सन्निधान वा सहप्रयोग, शृङ्खलाबोधक आदिले कोशीय सम्बद्धकको काम गरेका हुन्छन् । यिनले प्रस्तुत अभिव्यक्तिमा एकअर्कामा निहित अर्थको साङ्ली बनाउने काम गरिरहेका हुन्छन् । कोशीय सम्बद्धकका आधारमा 'मधेसतिर' कथालाई निम्नअनुसार देखाउन सकिन्छ :

**पर्यायवाची सम्बद्धक :** कथामा समान अर्थ दिने शब्दहरूको प्रयोगले कोशीय सम्बद्धकको भूमिका निभाएका छन् : खेत–बारी (अनु.१) । खेती - जग्गा (अनु.९) । नबोली – निस्तब्धता (अनु.१४) ।

**विपरीतार्थी सम्बद्धक :** कथामा विपरीतार्थक शब्द आएर कोशीय संसक्ति स्थापित भएको पाइन्छ : नभएको - भएको (अनु.२) । सासू - ससुरा (अनु.३) । लोग्ने मानिस – स्वास्नी मानिस (अनु. ८,१४) । भए - नभएको (अनु.११) । छोरा – छोरी (अनु.१३) ।

**समावेश्य–समावेशक सम्बद्धक :** कथामा समावेश्य र समावेशक शब्दहरू आएर कोशीय संसक्तिको काम गरेका छन् : नदी – सुनकोसी, तामाकोसी (अनु.१,२) । मान्छे – पोइ, छोरा, छोरी, बाबु (अनु.६) । माग्ने वा कुल्ली – बुढो, गोरे, भोटे, धने (अनु.३,११,१२) । घरद्वार – पोइ, छोरा–छोरी, खेत–बारी, गहना, रुपियाँ (अनु.१३,१४,१५,१६) ।

**पुनरावृत्ति सम्बद्धक :** कथामा उही पद दोहोरिएर पनि संसक्त तुल्याएका छन् : मुखामुख (अनु.२) । थप–थप (अनु.३) । त्यसै–त्यसै (अनु. ५) । होइनौँ–होइनौँ (अनु.६) । मधेस–मधेस (अनु.७) । भोकभोकै (अनु.७) । बिग्री–बिग्री (अनु.८) । थामिए–थामिए (अनु.१०) । बुढो–बुढो (अनु.११) । लमक–लमक (अनु.११) । पछि–पछि (अनु.१२) । बिस्तार–बिस्तार (अनु.१२) । इच्छा–इच्छा (अनु.१५)बाँधबुध (अनु.२२)

**सन्निधान वा सहप्रयोग सम्बद्धक :** कथामा आउने सहचर पदको प्रयोगले पनि कथालाई संसक्त तुल्याएका छन् : घरद्वार गर, स्वास्नी पाल, छोराछारी पाल (अनु.१३) । खेत किनुँला, बिहा गरुँला, घर जमाउँला, छोरा पाउँला (अनु.२४) । हिँडिहालौँ, नत्र साँझसम्म पुगिँदैन, भोकै सुत्नुपर्ला (अनु.२२) ।

**शृङ्खलाबोधक सम्बद्धक :** सङ्कथनमा पदहरू शृङ्खलाका क्रममा आएर पनि कथालाई सम्प्रेषणीय र संसक्त तुल्याएका छन् : खेत, बिहा, घर, छोरा (अनु.२४) । किनुँला, गरुँला, जमाउँला, पाउँला (अनु.२४) । भैहाल्छ, पाउँछयौ, हुन्छ, नआत्तिऔ, हिँड (अनु.२५) ।

**'मधेसतिर' कथामा सम्बद्धन**

वाक्य वाक्य तथा अनुच्छेद अनुच्छेदबिचको वैचारिक वा आर्थी अन्तःसूत्र नै सम्बद्धन हो (खनाल, २०७८, पृ.३४) । यसलाई संयुक्ति पनि भनिन्छ । सङ्कथनमा प्रस्तुत भाषिक अभिव्यक्ति वा विचारका बिचको आर्थी सम्बन्धलाई संयुक्ति भनिन्छ (भुसाल,२०७८, पृ १६७) । सम्बद्धनले सङ्कथनमा व्यक्त विचार, भाव वा अभिव्यक्ति एवम् सन्दर्भलाई निश्चित क्रम वा सिलसिलामा बाँध्ने काम गर्छ । यसलाई सङ्कथनको आन्तरिक वा सूक्ष्म पक्ष मानिन्छ । सम्बद्धनले सङ्कथनको आन्तरिक सम्बद्धतालाई जनाउँछ । वक्ता र श्रोताबिचको वैचारिक अन्तःसूत्र वा अन्विति नै सम्बद्धन हो (शर्मा र अर्याल, २०६९, पृ. १९) । यिनमा एकअर्का वैचारिक निरन्तरताको सूत्र स्थानिक, कालिक, तार्किक, सामान्य-विशेष वा विशेष–सामान्य आदि आधारमा विषयवस्तु

बोधगम्य एवम् सम्प्रेषणीय बन्न पुग्छन् । सम्बद्धनले सङ्कथन र परिवेशबिचको सम्बद्धतालाई समेत जनाउँछ । यसमा वक्ता-श्रोताका बिचको अनुभवको तालमेल र अभिव्यक्तिको परिवेश ठम्याउनु पनि उत्तिकै अत्यावश्यक हुन्छ (अधिकारी, २०६२, पृ. २५७) । यसले ग्राइसको सहकार्यात्मक सिद्धान्तसँग पनि सम्बन्ध राख्छ । यसले पालो, क्रमबद्धता र पारस्परिक सहयोगमा जोड दिन्छ (यादव र रेग्मी, २०६२, पृ.३१२) । यसमा सामान्य-विशिष्ट र विशिष्ट-सामान्यको सम्बन्ध, कार्य-कारण र कारण-कार्यको सम्बन्ध, प्रभाव-परिणाम र परिणाम-प्रभावको सम्बन्ध, घटना-परिवेश र परिवेश-घटनाको सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, तुलनात्मक सम्बन्ध, उद्देश्य वा प्रयोजनको सम्बन्ध, परिचयात्मक सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, प्रश्नात्मक सम्बन्ध, इन्द्रिय मस्तिष्क सम्बन्धका आधारमा सङ्कथनात्मक अभिव्यक्तिले वैचारिक वा आर्थी अन्तःसूत्र स्थापित हुने गर्दछ । यिनै आधारमा यहाँ 'मधेसतिर' कथामा प्रयुक्त सम्बद्धन पक्षको खोजी एवम् विश्लेषण गरिएको छ ।

***सामान्य र विशिष्टको सम्बन्ध***

सङ्कथनमा पूर्व वाक्य वा प्रथम वाक्य सामान्य रूपमा प्रस्तुत भई त्यसपछिको वाक्य विशिष्ट रूपमा प्रस्तुत हुनु सामान्य-विशिष्टको सम्बन्ध हो । यस प्रकारको सम्बन्ध 'मधेसतिर' कथामा निम्नअनुसार भेट्न सकिन्छ :

> दुवै नदीको किनारमा दुवैतिर हरियोपरियो केही उम्रेको थिएन । यिनको सम्मानार्थ रुखपातहरू टाढै उभिएका जस्ता थिए (अनु.५) । यहाँ त सासू–ससुराका कचकचले अड्नै सकिएन । फेरि पोइ मरेको ठाउँमा त्यसै उच्चाट लागेर आउने (अनु.९) ।

माथिका सङ्कथनमा अघिल्लो वाक्यले सामान्य र पछिल्लो वाक्यले विशिष्ट भनाइलाई अभिव्यक्त गरेका छन्, त्यसैले यहाँ सामान्य-विशिष्टको सम्बन्ध जनाएका छन् ।

***विशिष्ट र सामान्यको सम्बन्ध***

सङ्कथनमा प्रथम वाक्य विशिष्ट र पछिल्लो वाक्य सामान्य रूपमा अभिव्यक्त भई अर्थ सम्प्रेषण भएको हुन्छ । यस प्रकारको सम्बन्ध 'मधेसतिर' कथामा निम्नअनुसार भेट्न सकिन्छ :

> मेरो उमेर धेरै भएर के भयो त । मैले आफ्नो शरीर जोगाएर राखेकी छु । मेरो लोग्ने मरेदेखि मलाई कसैले छुन पाएन (अनु. १५) ।

माथिको सङ्कथनमा अघिल्लो वाक्यले विशिष्ट र पछिल्लो वाक्यले सामान्य भनाइलाई अभिव्यक्त गरेका छन्, त्यसैले यहाँ विशिष्ट-सामान्यको सम्बन्ध जनाएका छन् ।

***कार्य र कारणको सम्बन्ध***

सङ्कथनमा अघिल्ला वाक्यहरूमा कुनै कार्य प्रस्तुत भई पछिल्ला वाक्यहरूमा उक्त कार्य हुनुको कारण स्पष्ट भई सङ्कथनलाई संसक्त र सम्प्रेषणीय बनाएका हुन्छन् । यस प्रकारको सम्बन्ध कथामा निम्नअनुसार देख्न सकिन्छ :

विधवाले गोरेलाई आफ्नू भागबाट चिउरा थपिदिँदै भनिन् - तिमी जवान छौ । तिमीलाई अरूभन्दा बढ्ता भोक लाग्दो हो (अनु.३) । फेरि सबैलाई सम्बोधन गरेर भनिन् – मधेसतिर हिँडेको । पोइ छैनन्, सासू–ससुरा फुटेको आँखाले हेर्दैनन् । देवर रुखो माया गर्थ्यो तर पोइ नभएको घरमा टिक्न सकिनँ (अनु.३) । विधवाको हृदय भारी भयो र उनी बुढो, भोटे र धनेको हृदयहीनता देखेर छक्क परिन् । दुर्दिनको सङ्गी यसरी अल्पिँदा यिनीहरूको मनमा अलिकति पनि दुःख नहुनु (अनु.२१) ?

माथिका अनु. ३, ३ र २१ का सङ्कथनका पहिलो वाक्यले कार्यको भूमिका निर्वाह गरेका छन् भने पछिल्ला वाक्यहरूले कारणको भूमिका निभाएका छन् । त्यसैले माथिका सङ्कथनमा पहिलो वाक्य र पछिल्ला वाक्यहरूका बिच कार्य कारणको सम्बन्ध स्थापना भई सम्प्रेषणीय बनेको छ ।

***कारण र कार्यको सम्बन्ध***

सङ्कथनमा अघिल्ला वाक्यहरू कारणका रूपमा र पछिल्ला वाक्यहरू कार्यका रूपमा आएर सङ्कथनलाई बोधगम्य र संसक्त बनाएका हुन्छन् । यस प्रकारको सम्बन्ध 'मधेसतिर' कथामा निम्नअनुसार पाउन सकिन्छ :

सबैको दृष्टि विधवामाथि पऱ्यो । उनले भनिन् - अलिकता चिउरा बाँचेको छ । पेटभरि नभए तापनि अलिअलि थेग्ला (अनु.१५) । विधवाले रुन्चे स्वरमा भनिन् - मेरो गहनाको पोको छैन । सबजना छक्क परेर विधवालाई टुलुटुलु हेर्न थाले (अनु. २२, २३) ।

माथिको अनु.१५, २२, २३ का सङ्कथनका पहिलो वाक्यले कारण र पछिल्ला वाक्यहरूले कार्यको भूमिका निर्वाह गरी यिनका बिचमा कारण-कार्यको सम्बन्ध स्थापित भई सङ्कथन सम्प्रेषणीय बनेको छ ।

***प्रभाव र परिणामको सम्बन्ध***

सङ्कथनमा पहिलो वाक्यको प्रभाव स्वरूप पछिल्लो वाक्य सिर्जना हुनुलाई प्रभाव-परिणामको सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्ध 'मधेसतिर' कथामा निम्नअनुसार पाइन्छ :

खान पाइने ठाउँ पोइ छैन भन्दैमा लत्याएर हिँड्नु लरतरो काम होइन। तिनीहरू ती विधवालाई झन् मान गर्न थाले (अनु. ४)। तिनीहरू बसेर चिउरा फाँक्न थाले र आकाशलाई छानो बनाएर गुडुल्किएर त्यहीँ बाटोको छेउमा सुते। दिनभरि हिँडेका हुनाले तिनीहरू लड्न पनि पाएका थिएनन् भुसुक्क निदाए (अनु. १८, १९)।

भोटे र धनेको आँखामा उत्साहको आभा दगुऱ्यो। भोकले सुकेका गालामा पनि आनन्दको गुलावी देखियो (अनु. २७)।

माथिको अनु. ४, १८, १९ र २७ मा पहिलो वाक्यको प्रभाव स्वरूप दोस्रो वाक्य सिर्जना भएर यिनमा प्रभाव–परिणामको सम्बन्धले आर्थी सम्बन्ध स्थापना भई सङ्कथन सम्प्रेषणीय बनेको छ।

***परिणाम र प्रभावको सम्बन्ध***

सङ्कथनमा अघिल्लो वाक्यको परिणामले पछिल्ला वाक्यहरूलाई प्रभाव पारेर एकअर्काबिच आर्थी सम्बन्ध स्थापित गरेको हुन्छ। यस प्रकारको सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार रहेको पाइन्छ :

अब मर्ने बखत पनि भयो। पेटको ज्वाला खप्न नसकेर मात्र यताउति हिँड्नुपरेको (अनु. ८)। त्यो टाढाको टाकुरामा पुगेर बुढाले बडो उत्साहसँग दक्षिणतिरको आँखाले भ्याउन्जेलको ठुलो विस्तीर्ण मैदानलाई देखाएर आफ्ना साथीहरूलाई भन्न थाल्यो - उः त्यही हो मधेस। त्यहीँ हाम्रो उद्धार हुन्छ। त्यहीँ हामी अघाउन्जेल खान पाउँछौँ (अनु.२६)। भोटे र धनेको आँखामा उत्साहको आभा दगुऱ्यो। भोकले सुकेका गालामा पनि आनन्दको गुलावी देखियो। कानसम्म मुखको कुना पुऱ्याएर मुखभरि चाउरी पारेर तिनीहरू हाँसिरहे तर विधवामा उत्साह थिएन (अनु. २७)।

माथिको अनु. ८, २६ र २७ मा पहिलो वाक्यमा अभिव्यक्त परिणामपछि त्यसको प्रभाव पछिल्ला वाक्यहरूमा देखिएकाले प्रस्तुत सङ्कथन संसक्त एवम् सम्प्रेष्य बनेको छ।

***घटना र परिवेशको सम्बन्ध***

सङ्कथनको अघिल्लो वाक्यमा कुनै खास घटना वा कार्यको चर्चा गरिसकेपछि पछिल्ला वाक्यहरूमा त्यसको परिवेश बारेमा वर्णन भई सङकथनमा आर्थी सम्बन्ध स्थापित भएको हुन्छ। यस प्रकारको सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार देखिन्छ :

सुनकोसी र तामाकोसीको सङ्गममा बिहान भयो। सुनकोसी उत्तरबाट प्रशस्त वेगसँग बगेर आउँथ्यो, पूर्वतिरबाट तामाकोसीमा मिसिन्थ्यो। सुनकोसीलाई तर्न सक्ने कोही मात्र होलान्, तर तामाकोसीलाई

दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो (अनु. १)। विधवा र गोरे पछिपछि बिस्तार–बिस्तार आइरहेका थिए। गोरेको उमेर पच्चिस वर्षको हुँदो हो, विधवा तीस। गोरे धेरै नबोल्ने र लाज मान्ने स्वभावको थियो। त्यसको खपटे गाला धेरै दिनको कठिन परिश्रमले तल भासिएका थिए, आँखा ज्योतिहीन थिए (अनु. १२)।

माथिको अनु. १ र १२ का पहिलो वाक्यले घटनाको र पछिल्ला वाक्यहरूले त्यसको परिवेशलाई उद्घाटित गरेकाले यहाँ घटना र परिवेशको सम्बन्ध स्थापित भई सङ्कथन संसक्त एवम् सम्प्रेष्य बनेको छ।

***परिवेश र घटनाको सम्बन्ध***

सङ्कथनमा कुनै परिवेशको चित्रण भइसकेपछि त्यहाँ घटेको घटना वा कार्यको वर्णनले सङ्कथनलाई संसक्त बनाएको हुन्छ। यस्तो सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार पाउन सकिन्छ :

घरद्वार नभएका यी चार जना माग्ने भनूँ वा कुल्ली नत्र माग्नेका माझमा घरद्वार भएकी विधवा कागको हुलमा हँसिनी थिइन्। तिनले अन्नपूर्णझैँ आफ्नो पोकाबाट चिउरा झिकिन् र भाग लाउन थालिन् अनि सबैको चिउरामाथि थप–थप चाकुका डल्ला राखिन्। सबैका आँखामा अकस्मात् तेज आयो र सबैको हृदयमा विधवाप्रति महान् आदरको भाव उत्पन्न भयो (अनु. ३)।

माथिको अनु. ३ को सङ्कथनमा पहिलो वाक्यले परिवेशको चित्रण गरेको छ भने त्यसपछिका वाक्यहरूले घटना वा कार्यको वर्णन गरेर सङ्कथनलाई संसक्त र सम्प्रेष्य बनाएका छन्।

***आर्थी विपर्यायको सम्बन्ध***

सङ्कथनमा अघिल्लो वाक्यको प्रतिकूल अर्थ दिने गरी पछिल्ला वाक्य आउँदा दुई वाक्यका बिच आर्थी विपर्यायको सम्बन्ध स्थापित भई संसक्त बनेको हुन्छ। यस प्रकारको सम्बन्ध कथामा निम्नअनुसार देखिन्छ :

बिहान सूर्यको पहिलो किरणका साथसाथै बुढो उठ्यो र खोक्न थाल्यो। सब जना उठे तर गोरेको पत्ता थिएन। (अनु.१९)

माथिको अनु. १९ को सङ्कथनमा अघिल्लो वाक्यको प्रतिकूल अर्थ दिने गरी पछिल्लो वाक्य आउँदा आर्थी विपर्याय सम्बन्ध स्थापित भएको छ।

***तुलनात्मक सम्बन्ध***

सङ्कथनमा दुई वा तीन वाक्यहरूका बिच परस्पर समानता वा असमानताजन्य तुलना भई तिनले एक–आपसमा आर्थी जोर्नीको काम गरेका हन्छन्। यस प्रकारको सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार देखिन्छ :

सुनकोसीलाई तर्न सक्ने कोही मात्र होलान्, तर तामाकोसीलाई दह्रो तिघ्रा भएको जसले पनि तर्न सक्थ्यो (अनु.१) । गोरेलाई आफ्नु भागबाट चिउरा थपिदिँदै भनिन् – तिमीलाई अरूभन्दा बढ्ता भोक लाग्दो हो (अनु.३) । गोरेको उमेर पच्चीस हुँदो हो, विधवाको तीस (अनु.१२) । विधवाले अलिक अप्रतिश भएर भनिन् – के म तिम्रो लायक छैन र ? मेरो उमेर धेरै भएर के भयो त मैले आफ्नो शरीर जोगाएर राखेकी छु (अनु.१५) ।

माथिका अनु.१,३,१२ र १५ सङ्कथनमा भएका वाक्यहरूका बिच परस्पर समानता वा असमानताजन्य लेखाजोखा भई तुलनात्मक सम्बन्ध स्थापित भएको छ ।

***उद्देश्य वा प्रयोजनको सम्बन्ध***

सङ्कथनमा पहिलो वाक्यले कुनै घटना वा कार्य बताएर त्यसपछि आउने वाक्यहरूले उक्त घटना वा कार्य हुनुको उद्देश्य प्रस्तुत भएर पनि वाक्यात्मक अभिव्यक्तिहरूका बिच संसक्ति स्थापित भएको पाइन्छ । यस प्रकारको संसक्ति 'मधेसतिर' कथामा निम्नअनुसार पाइन्छ :

मधेस गएर खेतीबारी गर्छु, घरबार गर्छु तर स्वास्नी मानिसले मात्र घरबार चलाउन सक्तैनन्, लोग्नेमानिस पनि चाहिन्छ । मेरो मनमा त्यसै यो विचार आयो – किन हामी दुई जना मिलेर घर नचलाऔँ (अनु.१४) ।

माथिको अनु.१४ को सङ्कथनमा पहिलो वाक्यले घटना वा कार्य र त्यसपछिको वाक्यले उद्देश्य वा प्रयोजनलाई प्रस्तुत गरेको हुनाले यिनका बिच संसक्ति भई बोधगम्य हुन पुगेको छ ।

***परिचयात्मक सम्बन्ध***

सङ्कथनको पहिलो वाक्यमा कुनै वस्तु स्थान वा व्यक्तिको परिचय दिएर त्यसपछिका वाक्यहरूमा त्यसको विशेषता वर्णन गर्नुले परिचयात्मक सम्बन्ध स्थापना हुन्छ । यस्तो सम्बन्ध कथामा निम्नअनुसार रहेको देखिन्छ :

त्यो बुढो, बुढो भन्नु मात्र थियो त्यो सबभन्दा अघिअघि लमक लमक गरेर हिँड्थ्यो । भोटे र धने त्यसको दुवैतर्फ त्यसको कुरा सुनी–सुनी हिँडिरहेका थिए । आफ्नो व्यतीत जीवनको घटनालाई त्यसरी रुचाएर तिनीहरूले सुनेको देख्दा बुढो झन् सुरिएर भए–नभएको कुरा गर्न थाल्यो (अनु.११) ।

माथिको अनु.११ का पहिलो वाक्यले बुढाको परिचय दिई त्यसपछिका वाक्यहरूले तिनका विशेषताहरूको वर्णन गरेकाले यहाँ परिचयात्मक सम्बन्ध स्थापित भई सङ्कथन संसक्त एवम् सम्प्रेषणीय बनेको छ ।

***अनुक्रमबोधक सम्बन्ध***

सङ्कथनमा रहेका वाक्यहरूबिच कुनै खास घटना वा विषयका बारेमा रहेको क्रमबद्ध सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध भनिन्छ । यस प्रकारको सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार रहेको छः

> चार जना लोग्ने मानिस, एक स्वास्नी मानिस पाँचै जना दक्षिणतिरको बाटो लागे । बुढाले आफ्ना बितेका जीवनका घटनाहरूलाई भन्यो । उसले एकचोटि निकै पैसा कमायो, सत्र रोपनी खेती गर्थ्यो, पछि त्यसै बिग्री–बिग्री आयो । त्यसबेला ऊ जवान थियो । निधारमा नाम्लो हाली भरियाको काम गरी पेट पाल्न सक्थ्यो । अब त्यो सामर्थ्य छैन (अनु. ८) ।

माथिको अनु.८ को सङ्कथनात्मक संरचनामा वाक्यहरूबिच अनुक्रमबोधक सम्बन्ध देखिन्छ ।

***प्रश्नात्मक सम्बन्ध***

सङ्कथनमा प्रश्नात्मक वाक्यहरू आएर पनि अर्थगत सम्बन्ध बलियो हुन्छ । यस प्रकारको सम्बन्ध ‘मधेसतिर’ कथामा निम्नअनुसार देखिन्छ :

> विधवाले भनिन् – तिम्रो उमेर के भयो र ? यस्तो उरन्ठ्याउलो भएर कति दिन बिताउँछौँ ? किन हामी दुई जना मिलेर घर नचलाऔँ ? के म छोराछोरी पाउन सक्तिनँ र ? खोइ मेरो छोराछोरी ? खोइ मेरो आफ्नो घर ? खोइ मेरो आफ्नो मान्छे (अनु.१३, १४, १५) ?

माथिको अनु.१३, १४ र १५ को सङ्कथनात्मक संरचनामा प्रश्नात्मक सम्बन्ध स्थापित भई अर्थगत सम्बन्ध बलियो बनेको छ ।

***इन्द्रिय मस्तिष्क सम्बन्ध***

सङ्कथनमा अघिल्लो कार्य वा घटनाको परिणामस्वरूप उत्पन्न हुने मनोवैज्ञानिक तथा संवेगात्मक कार्यले पनि अभिव्यक्तिलाई सम्प्रेष्य बनाएका हुन्छन् । यस्तो प्रकारको सम्बन्ध कथामा निम्नअनुसार पर्गेल्न सकिन्छ :

> विधवाको दृष्टि गोरेमाथि थियो । सबै जना विधवाको कुराले विस्मित भए (अनु.२) । सबैको हृदय विधवाप्रति महान् आदर भाव उत्पन्न भयो (अनु.३) । मेरो पनि कोही साथी नभएकाले तिमीहरूनेर सुतेँ। रातभरि तिमीहरूको माया लागिरह्यो (अनु.५) । के थाक्यौ गोरे ? घाम पनि अग्घौरै छ । तिम्रो टाउको तात्यो होला, लौ लेऊ यी कपडा टाउकामा राख (अनु.१०) । तिनी आफ्नो पोको बटुल्न थालिन् । उनको हृदय ढक्क भयो । उनको गहनाको पोको छैन (अनु.२१) ।

माथिका अनु.२, ३, ५, १० र २१ का प्रत्येक सङ्कथनमा अघिल्ला कार्य वा घटनाको परिणामस्वरूप मनोवैज्ञानिक एवम् संवेगात्मक अवस्थाहरू उत्पन्न भएका छन् जसले ती कार्य वा घटनाको परिणामसँग इन्द्रिय मस्तिष्कको सम्बन्ध स्थापित गरेर सङ्कथनात्मक अभिव्यक्तिलाई संसक्त, सम्प्रेषणीय एवम् प्रभावपूर्ण बनाएका छन् ।

**निष्कर्ष**

'मधेसतिर' विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित यौनमनोवैज्ञानिक कथा हो । यस अनुसन्धानात्मक लेखमा यही कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनमा आधारित भएर कृतिको सङ्कथनात्मक विश्लेषण गरिएको छ । उत्तरसंरचनावादमा देखापरेको बहुलवादी चिन्तनअनुसार प्रस्तुत कथालाई यस अध्ययनमा सङ्कथन विश्लेषणको कोणबाट विश्लेषण गरिएको छ । यसमा मधेसतिर कथालाई समग्र पाठ वा सिङ्गो रूप मानेर सङ्कथन विश्लेषणका मुख्य दुई युक्तिहरू सम्बद्धक र सम्बद्धनका कोणबाट कथाको सङ्कथनात्मक विश्लेषण गरिएको छ । यसमा मूलतः कथालाई व्याकरणिक र कोशीय सम्बद्धक तथा अन्तरवाक्यीय सम्बद्धनका आधारमा विश्लेषण गरिएको छ । यस अध्ययनबाट तुलनात्मक रूपमा व्याकरणिक सम्बद्धकहरूमध्ये सार्वनामिक, कालिक र लोप सम्बद्धकको प्रयोग अधिक देखिन्छ भने कोशीय सम्बद्धकहरूमध्ये पुनरावृत्ति र समावेश्य–समावेशक सम्बद्धकको प्रयोग बढी पाइन्छ । उक्त सङ्कथनमा भाषिक एकाइलाई एकआपसमा अन्तर्सम्बन्धित तुल्याउन आएका भाषिक तत्त्वहरूले शब्द शब्द, पदावली पदावली तथा वाक्य वाक्यबिचको शृङ्खलालाई जोडेर महत्त्वपूर्ण सम्बद्धकको भूमिका निर्वाह गरेको देखिन्छ । त्यसै गरी विभिन्न अभिव्यक्ति वा वैचारिक सम्बन्धका आधारमा तुलनात्मक रूपमा कार्य–कारण, कारण–कार्य, प्रभाव–परिणाम, परिणाम–प्रभाव, तुलनात्मक र इन्द्रिय मस्तिष्कको सम्बन्ध ज्यादा देखिन्छ । यिनै सम्बन्धले अभिव्यक्तिको आन्तरिक वा वैचारिक सिलसिलालाई अन्वितिपूर्ण अन्तः सूत्रमा आबद्ध, संसक्त र सम्प्रेष्य बनाउन कथामा प्रयुक्त सम्बद्धनको भूमिका पनि सशक्त एवम् प्रभावशाली देखिन्छ । यसर्थ सङ्कथनमा आवश्यक एकाइ, अङ्ग वा पक्ष प्रस्तुत कथामा उपयुक्त ढङ्गले समाहित भएका छन् । अतः समग्रमा 'मधेसतिर' कथा सङ्कथनका युक्तिहरू सम्बद्धक र सम्बद्धनका दृष्टिले सफल र उपयुक्त देखिन्छ । सङ्कथन विश्लेषणसँग सम्बन्धित अध्येताहरूका लागि यस अनुसन्धानात्मक लेखको उपयोगिता रहेको छ ।

**सन्दर्भसूची**

अधिकारी, हेमाङ्गराज (२०६२), *सामाजिक र प्रायोगिक भाषाविज्ञान*, रत्न पुस्तक भण्डार ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६६), *दोषी चस्मा* (सा. सं.), साझा प्रकाशन ।

खनाल, राजेन्द्र (२०७८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र*, सनलाइट पब्लिकेसन ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम*, एम.के. पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स प्रा. लि. ।

भण्डारी, पारसमणि र नेपाल, शक्तिराज (२०६७), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम*, विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण सिद्धान्त र प्रयोग*, सनलाइट पब्लिकेसन ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान* (दो.सं.), न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, विष्णुप्रसाद र अर्याल, जमुना (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम*, क्वेस्ट पब्लिकेसन ।